२३ पुस २०८२

# अन्तरपार्टी निर्देशन–१

पार्टीको एघारौं राष्ट्रिय महाधिवेशनको ऐतिहासिक सफलतापश्चात् निर्वाचित केन्द्रीय कमिटीको पहिलो बैठक २०८२ पुस ४ गतेका दिन पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा कार्की बैंकेट बबरमहलमा सम्पन्न भएको छ । पार्टीको केन्द्रीय सचिवालयको पहिलो बैठक २०८२ पुस १३ गते र सचिवालयको दोस्रो बैठक २०८२ पुस २२ गतेका दिन पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा पार्टी केन्द्रीय कार्यालय च्यासलमा सम्पन्न भएका छन् । उपरोक्त बैठकले गरेका महत्वपूर्ण निर्णयहरू जानकारी तथा कार्यान्वयनका लागि अन्तरपार्टी निर्देशन-१ जारी गरिएको छ ।

**१. अध्यक्षको सम्बोधन र दिशानिर्देशः**

पार्टी अध्यक्ष केपी शर्मा ओलीले पार्टी केन्द्रीय कमिटी र पार्टीको केन्द्रीय सचिवालयको बैठकलाई सम्बोधन गर्नेक्रममा दिनुभएको निर्देशनका महत्वपूर्ण पक्ष यसप्रकार रहेका छन्ः

**क) महाधिवेशनको सन्देशलाई जनस्तरमा पुऱ्याऔंः**

पार्टीको एघारौं महाधिवेशन २०८२ मङ्सिर २७ देखि २०८२ पुस ३ गतेसम्म ऐतिहासिकरूपमा सफल भएको छ । पार्टीको एघारौं राष्ट्रिय महाधिवेशनमा हामीले प्रतिगमनका विरूद्ध व्यापक जनमत निर्माण गर्ने र भदौ २३ र २४ गतेको घटनाले राष्ट्रिय राजनीति र पार्टी जीवनमा उत्पन्न समस्याको विधिसम्मत समाधान खोज्ने उद्देश्य राखेका थियौं । ती दुवै उद्देश्यमा पार्टीको एघारौं राष्ट्रिय महाधिवेशन पूर्णतः सफल रह्यो ।

महाधिवेशनका समयमा प्रतिनिधि चयनदेखि नेतृत्व निर्वाचनसम्म भएका बहस-विवाद सकिएका छन् । निर्वाचनका समयमा भएको समूहबन्दी त्यहीँ सकिएको छ । यतिबेला पार्टी पुनः वैचारिक, राजनीतिक र संगठनात्मक रूपमा एकताबद्ध भएको छ । महाधिवेशनका समयमा केही कमिकमजोरीहरू रहेका भए पनि हाम्रा उपलब्धिहरूका सामू ती गौण छन् । अब सिंगो पार्टी महाधिवेशनका सन्देशहरू बोकेर जनताका बीचमा पुग्नुपर्दछ । पार्टीको दोस्रो विधान महाधिवेशनबाट पारित दस्तावेजहरूबाट सिंगो पार्टीपंक्ति निर्देशित हुनुपर्छ । पार्टीको एघारौं राष्ट्रिय महाधिवेशनबाट अत्यन्त लोकतान्त्रिक तरिकाले हामीले नेतृत्व चयन गरेका छौं । आगामी ५ वर्षका लागि नीति र नेतृत्वको प्रश्न विधिसम्मत रूपमा निरूपण भएको छ । अब सिंगो पार्टीपंक्ति पार्टी नीति र नेतृत्वको वरीपरी गोलबन्द हुँदै समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय गन्तव्य हासिल गर्नका लागि पार्टीलाई निर्णायक राष्ट्रिय शक्ति बनाउन संकल्प पुरा गर्न लाग्नु पर्दछ ।

**ख) आन्दोलनकारी ढङ्गले अघि बढौ, प्रतिरोधी क्षमता बढाऔ :**

भदौ २३ र २४ गतेको घटना राष्ट्रको जीवनमा अत्यन्त गम्भीर र दुःखद घटना हो । यस घटनाले मुलुक प्रतिगमनको बाटोतर्फ अग्रसर छ । जननिर्वाचित सरकारको ठाउँ संविधानले



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

नचिनेको सरकारले लिएको छ । असंवैधानिक तरिकाले प्रतिनिधिसभा विघटन गरिएको छ । ऐतिहासिक संविधानसभाबाट बनेको संविधान घायल भएको छ । राष्ट्रको गौरव र अस्मितामाथि गम्भीर क्षति पुऱ्याउने काम भएको छ । मुलुकमा भय र त्रासको वातावरण सिर्जना भएको छ । लोकतन्त्रका आधारमा स्तम्भमाथि प्रहार गरिएको छ । यस्तो अवस्थामा मुलुकलाई सही दिशातर्फ फर्काउनका लागि आन्दोलनकारी ढङ्गले अघि बढ्नुपर्छ । प्रतिनिधिसभाको पुनर्स्थापना होस् या निर्वाचन दुवै मोर्चामा सफलता पाउनका लागि सिंगो पार्टीपंक्ति एकताबद्ध र आन्दोलनकारी ढङ्गले अघि बढ्नुपर्दछ । अन्तर्राष्ट्रियस्तरमा घटेका घटनाक्रमहरूले पनि हाम्रो जस्तो मुलुकमा राष्ट्रिय स्वाधिनता, सार्वभौमसत्ता, लोकतन्त्र र लोकतान्त्रिक परिवेश तथा हाम्रो जस्तो पार्टी र आन्दोलनको रक्षाका लागि आन्दोलनकारी ढङ्गले अघि बढ्नुपर्नेको अपरिहार्यतालाई पुष्टि गरिरहेका छन् । यसतर्फ सिंगो पार्टीपंक्तिको ध्यान जानु आवश्यक छ ।

### ग) राष्ट्रिय स्वयम्सेवक फोर्स र टोल सुरक्षा समिति गठन गरौं:

भदौ २३ र २४ को घटनापछि शान्ति सुरक्षाको अवस्था इतिहासकै नाजुक अवस्थामा पुगेको छ । राज्य व्यवस्थालाई कमजोर बनाइएको छ । नागरिकले राज्यमाथि भरोसा गर्ने र अपराधिक तत्वहरू राज्यबाट भयभित हुने अवस्था छैन । आमजनता भयभित हुने र अपराधिक तत्वहरू भयरहित हुने अवस्था सिर्जना गराइएको छ । यस्तो अवस्थामा सिंगो राष्ट्र, जनता र पार्टीका रक्षाका लागि सिंगो पार्टीपंक्ति प्रतिरोधी ढङ्गले अघि बढ्न तयार हुनुपर्दछ । भदौ २३ र २४ गतेपश्चात् उत्पन्न राज्यविहीनताको स्थितिमा पार्टीले राष्ट्रिय स्वयम्सेवक फोर्स गठन गर्ने निर्णय गरेको थियो । पार्टीसम्वद्ध जनसंगठनका रूपमा मान्यता प्राप्त राष्ट्रिय स्वयम्सेवक फोर्सलाई सम्बन्धित तहको पार्टी कमिटीको प्रत्यक्ष नेतृत्व र निर्देशनमा सञ्चालन हुने गरी पालिका तहसम्म नै गठन गरिनुपर्दछ । आमजनताको सहभागितामा टोल सुरक्षा समिति गठन गरिनुपर्दछ । सामाजिक सद्भाव खलबल्याउने, अशान्ति र असुरक्षा पैदा गर्ने तथा जनतालाई भयभित बनाउने षड्यन्त्र जारी छ । भविष्यमा भदौ २३ र २४ गतेको जस्तो विध्वंसकारी घटना घट्न नपाओस् भन्ने हिसाबले जनतासँग एकाकार भएर प्रतिरोधी ढङ्गले अघि बढ्ने नीति लिनुपर्दछ ।

### घ) चुनौती सकिएको छैन, सामना गरौं र भविष्य हाम्रै हातमा छ:

भदौ २३ र २४ को घटनापछि पनि सर्वाधिक प्रहार र घेराबन्दी हाम्रो पार्टी र नेतृत्वका विरूद्धमा नै केन्द्रित रह्यो । बाहिरबाट भइरहेको नियोजित घेराबन्दी र आक्रमणबाट हाम्रो पार्टीपंक्ति पनि केहीहदसम्म प्रभावित भयो । तर पार्टीले सुरूदेखि नै चुनौतीलाई सामना गर्दै अघि बढ्ने नीति लियो । कार्यकर्ता र जनताको परिचालनका माध्यमबाट प्रतिगमनतर्फको यात्रालाई एकहदसम्म रोक्न हामी सफल भएका छौं । हाम्रो पार्टीको पहलकदमी र अग्रसरताबाट नै लोकतान्त्रिक परिवेश फराकिलो बन्दै गएको छ । प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूको अनुहार नै हेर्न नचाहने प्रधानमन्त्रीले प्रमुख नेताहरूसँग औपचारिक छलफल गर्न बाध्य हुनुपऱ्यो । प्रतिशोधपूर्ण ढङ्गले हत्याको अभियोग लगाउने षड्यन्त्रबाट सरकार पछि हट्नुपरेको छ । पार्टी अध्यक्षमाथि लगाइएको स्थान हद र विदेश भ्रमण रोक्ने निर्णय फिर्ता भएको छ । २३ र २४ गतेको विध्वंसका पक्षधरहरू लोकतान्त्रिक शक्तिहरू पुनः क्रियाशिल हुन थालेपछि एकठाउँमा उभिन बाध्य भएका



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

छन् । निर्वाचनका माध्यमबाट भदौ २३ र २४ गतेको विध्वंसलाई वैधता दिने योजना कमजोर बन्दै गएको छ । तर पनि चुनौती सकिएको छैन । नयाँ शिराबाट परिस्थितिलाई भड्काउने षड्यन्त्र हुन सक्दछ । निर्वाचनबाट आफूअनुकुलको परिणाम आउने नदेखेपछि निर्वाचन बिथोल्ने काम पनि हुन सक्दछ । यस्तो स्थितिमा प्रतिगमनलाई सही बाटो ल्याउन प्रतिनिधिसभा पुनर्स्थापना सबैभन्दा उपयुक्त र सुरक्षित बाटो हो भन्ने मान्यतामा पार्टी पनि दृढ छ । तर चुनाव भएको अवस्थामा चुनावबाट अलगिने कुरा उपयुक्त हुँदैन । यस्तो अवस्थामा आन्दोलन वा चुनाव जुन दिशातिर जानुपरे पनि पार्टीपंक्ति तयार रहनुपर्दछ । मुलुकलाई सही दिशामा फर्काउनुको विकल्प छैन ।

**ङ) सूचना प्रविधिको विकाससँगै त्यसको प्रभावकारी उपयोग आवश्यक छः**

अहिलेको समय सूचना र प्रविधिको हो । सूचना र प्रविधिको तीव्र विकासले सबै क्षेत्रलाई प्रभावित गरिरहेको छ । साम्राज्यवादी र प्रभुत्ववादीहरूले सूचना प्रविधिको प्रयोग गरेर नै आफ्नो प्रभुत्व कायम गर्ने कोशिस गरिरहेका छन् । देशभक्त सरकार पूँजीवाद विरूद्धका शक्तिहरू र स्वतन्त्र राष्ट्रहरूलाई कमजोर बनाउने हतियारका रूपमा सूचना र प्रविधिको प्रयोग भइरहेको छ । सूचना प्रविधिको प्रयोगबाट नै वैधानिक सत्ता र शक्तिलाई कमजोर बनाएर आफ्नो स्वार्थपूर्तिका लागि डिपस्टेटका माध्यमबाट कथित कलर रिभ्युलसन गरी प्रतिगमनतर्फ धकेल्ने र कठपुतली सरकार निर्माण गर्ने काम आम विषय बन्दै गएका छन् । यसका लागि समाजमा अराजकतावाद र त्यसको जगमा लोकप्रियतावादलाई प्रवर्द्धन गर्ने काम नियोजितरूपमा भइरहेको छ । पछिल्लो समयमा नेपालमा नयाँ शक्ति निर्माणको चलखेललाई सोही परिप्रेक्षमा बुझ्नुपर्दछ । यस्तो स्थितिमा हाम्रो उद्देश्य र योजनालाई सफल बनाउनका लागि हामीले पनि सूचना प्रविधिको उपयोगमा विशेष जोड दिनुपर्दछ । पार्टीका हरेक नेता र कार्यकर्ताले पार्टी कामको एउटा महत्वपूर्ण क्षेत्रका रूपमा सामाजिक सञ्जालको उपयोगलाई व्यापक बनाउनु आवश्यक छ । पार्टी र पार्टी नेतृत्वको सरकारले गरेका काम, पार्टी गतिविधि र पार्टीका आगामी नीति तथा कार्यक्रमलाई सामाजिक सञ्जालका माध्यमबाट प्रभावकारी ढङ्गले सम्प्रेषण गर्नुपर्छ । चुनावका समयमा पार्टीको नीति, चुनावी प्रतिबद्धता र पार्टीले खडा गरेका उम्मेद्वारहरूलाई समेत समाजिक सञ्जालको प्रयोग गरेर स्थापित गर्ने नीति बनाउनु पर्दछ । सोहीअनुसारको संस्थागत योजना बनाएर कामलाई अघि बढाउनु पर्दछ ।

**च) विश्व व्यवस्था खलबलिदै छ : सचेतनता र जागरुकता आवश्यक छः**

सीतयुद्ध अन्त्यपछि विश्व शक्ति सन्तुलनमा परिवर्तन आयो । त्यसबाट दुई ध्रुवीय विश्वव्यवस्था एकध्रुवीय बन्न पुग्यो । पछिल्लो समयमा नयाँ आर्थिक शक्ति केन्द्रका रूपमा एशियाली मुलुकहरू चीन र भारत देखापर्न थालेपछि विश्व अर्थ व्यवस्थामा नयाँ हलचल पैदा हुँदै गएको छ । एकध्रुवीय विश्व व्यवस्थालाई कायम राख्ने नाममा दोस्रो विश्वयुद्ध पछि स्थापित विश्व व्यवस्थाका मूल्य र मान्यताहरूलाई उपेक्षा गर्ने र भत्काउने कार्य तीब्र बनेका छन् । पछिल्लो समयमा भेनेजुएला माथिको अमेरिकी सैन्य हस्तक्षेप र जननिर्वाचित राष्ट्रपतिलाई अपहरणको शैलीमा नियन्त्रणमा लिने कार्यले संयुक्त राष्ट्रसंघलगायतका विश्व संस्थाको औचित्य र उपादेयतामाथि नै

खिल्ली उडाउने काम भएको छ । उक्त घटना पछि विश्व व्यवस्था दोस्रो विश्वयुद्ध अघिको अवस्थामा पुगेको विश्लेषण गरिदैछ । भदौ २३ र २४ गतेको घटना सतहमा जेन्जी अभियानकर्ताहरू, नेपालभित्रका शक्ति र व्यक्तिहरूको योजना र संलग्नता जस्तो देखिए पनि त्यो भूराजनीतिक शक्ति संघर्ष र होडबाजीको परिणाम समेत थियो भन्ने कुरामा अब कुनै सन्देह रहेन । यस्तो स्थितिमा हाम्रो जस्तो संवेदनशील भूराजनीतिक अवस्थितिमा रहेको मुलुकको स्वाधिनता, स्वार्वभौमसत्ता र भौगोलिक अखण्डताको प्रश्न निकै गम्भीर र संवेदनशील बन्न पुगेको छ । बदलिदो विश्व परिवेशअनुरूप मुलुकको हित, संविधान र लोकतन्त्रको रक्षा तथा पार्टी र आन्दोलनको सुनिश्चित भविष्यका लागि आमजनताको सचेतनता र जागरूकता अपरिहार्य विषय बनेको छ । यसका लागि हाम्रो पार्टीले सचेतन ढङ्गले पहलकदमी लिनुपर्दछ ।

## २. संशोधित विधानको सम्पादन र प्रकाशनः

पार्टीको दोस्रो विधान महाधिवेशनबाट संशोधित विधानमा पार्टीको एघारौं राष्ट्रिय महाधिवेशनले गरेको संशोधनलाई समेत समावेश गरी विधान सम्पादन गरी प्रकाशन गर्ने निर्णय पार्टी केन्द्रीय कमिटीले गरेको छ । सम्पादन र प्रकाशनको अधिकार केन्द्रीय सचिवालयलाई प्रदान गरिएको छ । संशोधित विधान प्रकाशनको प्रक्रियामा गएको छ । अबदेखि पार्टीका सम्पूर्ण काम र क्रियाकलापहरू संशोधित विधानका आधारमा गर्नुपर्नेछ ।

## ३. केन्द्रीय सल्लाहकार परिषद गठनः

केन्द्रीय कमिटी र केन्द्रीय निकायबाट बिदा हुनुभएका पदाधिकारी र सदस्यहरू समावेश भएको केन्द्रीय सल्लाहकार परिषद गठन गर्ने निर्णय भएको छ । केन्द्रीय सल्लाहकार परिषदका अध्यक्ष र पदाधिकारीहरू केन्द्रीय सचिवालयले तोक्ने गरी अधिकार प्रदान गरिएको छ । विगतमा सल्लाहकार परिषद्मा रहनुभएका सदस्यहरू मध्ये सल्लाहकार परिषद र ज्येष्ठ कम्युनिष्ट मञ्चमा राख्नुपर्ने व्यक्तिहरूको सिफारिस प्रदेश कमिटीमार्फत केन्द्रीय कार्यालयमा पठाउन निर्देश गरिन्छ ।

## ४. अधिकार प्रत्यायोजनसम्बन्धी निर्णयः

केन्द्रीय कमिटीको बैठकले केन्द्रीय कमिटीले गर्ने भनी विधानमा उल्लेखित अधिकार केन्द्रीय कमिटी नबसेको अवस्थामा पोलिटब्युरो, केन्द्रीय कमिटी र पोलिटब्युरोको बैठक नबसेको बेलामा स्थायी कमिटी र तीनवटै कमिटीका बैठक नबसेको बेलामा ती सबै कमिटीले प्रयोग गर्ने अधिकार केन्द्रीय कमिटीले प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय भएको छ । तर त्यसरी गरिएका निर्णयहरू केन्द्रीय कमिटीको बैठकमा अनुमोदन गराउनुपर्ने व्यवस्था कायम गरिएको छ । यसरी नै राजनीतिक दलसम्बन्धी कानूनमा तोकिएका विषयमा समेत निम्नानुसारको निर्णय भएको छ ।

क) नेकपा (एमाले)का विरूद्धमा कुनै अड्डा अदालतमा दायर भएको कुनै पनि मुद्दामा वा फिराद वा निवदेन वा उजुरीको विषयमा पार्टीका तर्फबाट प्रतिवाद गर्ने वा लिखित जवाफ पेश गर्ने वा प्रतिनिधि वा वारेस नियुक्त गर्ने वा कानून व्यवसायी नियुक्त गर्ने पार्टीका



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

तर्फबाट अध्यक्ष श्री केपी शर्मा ओली वा महासचिव शंकर पोखरेलमध्ये एकजनाले सो अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गर्ने ।

ख) मिति २०८२ मङ्सिर २६ गते प्रारम्भ भई पुस ३ गते सम्पन्न भएको नेकपा (एमाले)को एघारौं राष्ट्रिय महाधिवेशनबाट पारित भएको विधान र सो बमोजिम प्राप्त भएको निर्वाचन परिणामलाई अभिलेखीकरण गरी अद्यावधिक गर्ने गराउने प्रयोजनका लागि निर्वाचन आयोगमा जानकारी दिने अख्तियारी पार्टी प्रमुख पदाधिकारी एवम् पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई दिने ।

ग) नेकपा (एमाले)का तर्फबाट प्रतिनिधिसभाको निर्वाचनमा वा राष्ट्रियसभाको निर्वाचनमा वा प्रदेशसभाको निर्वाचनमा वा स्थानीय तहको निर्वाचनमा वा तिनको उपनिर्वाचनमा पार्टीको तर्फबाट उम्मेद्वार छनौट गर्ने अधिकार केन्द्रीय कमिटीको बैठक नबसेको अवस्थामा केन्द्रीय कमिटीको तर्फबाट विधानबमोजिम केन्द्रीय सचिवालयले गर्नेगरी अधिकार प्रत्यायोजन गर्ने ।

घ) निर्वाचन आयोगबाट प्रकाशित सूचनाबमोजिम नेकपा (एमाले)को तर्फबाट प्रतिनिधिसभाको निर्वाचनमा वा राष्ट्रियसभाको निर्वाचनमा वा प्रदेशसभाको निर्वाचनमा वा स्थानीय तहको निर्वाचनमा वा ती निर्वाचनबाट निर्वाचित कुनै व्यक्तिको पद रिक्त भएको कारणले हुने उपनिर्वाचनमा निर्वाचनको प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता गर्ने तथा पार्टीका तर्फबाट उम्मेद्वार मनोनयनको औपचारिक-पत्रमा हस्ताक्षर गर्ने वा बन्दसूचीमा नाम प्रमाणिकरण गर्ने अख्तियारी पार्टीको प्रमुख पदाधिकारी एवम् पार्टी अध्यक्ष केशी शर्मा ओलीलाई दिने ।

ङ) निर्वाचन आयोगमा विवरण बुझाउने तथा निर्वाचन आयोगमा पार्टीका तर्फबाट आधिकारिक पत्रमा हस्ताक्षर गर्ने, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम प्रतिनिधिसभा बन्दसूचीमा वा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम प्रदेशसभा बन्दसूचीमा मनोनयन भएका कुनै उम्मेद्वारको नाम हटाउन निर्वाचन आयोगमा लेखी पठाउने पत्रमा हस्ताक्षर पार्टीका तर्फबाट अध्यक्ष केपी शर्मा ओली वा महासचिव शंकर पोखरेलमध्ये एकजनाले गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

**५. प्रतिनिधिसभा निर्वाचनका लागि समानुपातिक सूची दर्ता गर्ने:**

निर्वाचन हुने वा नहुने अन्योलका बीचमा निर्वाचन आयोगले प्रकाशित गरेको कार्यतालिकाअनुरूप बन्दसूची दर्ता गर्ने मिति नजिकिएको अवस्थामा अत्यन्त छोटो प्रक्रियाबाट प्रदेश कमिटीका तर्फबाट विभिन्न क्लस्टरअनुरूपका सम्भावित नामहरू माग गरिएको थियो । प्रदेश कमिटी र विभिन्न तहका कमिटीहरूबाट प्राप्त नामहरू केन्द्रीय कार्यालयका तर्फबाट संकलन गरिएको थियो । उक्त नामहरू मध्येबाट समानुपातिकमा खस/आर्य क्लस्टरबाट ३३ जना, आदिवासी-जनजाति क्लस्टरबाट ३२ जना, मधेसी क्लस्टरबाट १८ जना, दलित क्लस्टरबाट १५ जना, थारू क्लस्टरबाट ७ जना, मुस्लिम क्लस्टरबाट ५ जना र उपरोक्त क्लस्टर भित्रबाट पिछडिएको



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

क्षेत्रको २ जना र अपांगता भएको व्यक्ति १ समेत गरी कूल समावेशी संख्या ११० मा ५७ जना महिला र ५३ जना खुला सूची समावेश गर्न सकिने व्यवस्था भएअनुरूप समानुपातिक सूचीको नाम पार्टी अध्यक्ष कमरेडले बैठकसमक्ष प्रस्तुत गर्नुभएको थियो । समावेशी सूचीमा नाम समावेश गर्दा प्रतिनिधिसभा सदस्य, स्थानीय निकायका जनप्रतितिनिधिको कार्यकाल कायम रहेकोले बन्दसूचीमा नाम समावेश नगर्ने नीति अवलम्बन गरियो । त्यसरी नै विघटित प्रतिनिधिसभा सदस्य र राष्ट्रियसभाका निवर्तमान सदस्यहरूका नाम समेत सूचीमा समावेश नगर्ने नीति लिइएको छ । सूचीमा समावेश हुने व्यक्ति पार्टी नीति र निर्णयका पक्षमा प्रतिबद्ध तथा प्रतिनिधिसभामा पार्टीका तर्फबाट प्रभावकारी भूमिका खेल्नसक्ने योग्य व्यक्ति हुनुपर्ने मापदण्डलाई आधार बनाइएको छ । अध्यक्ष कमरेडले प्रस्तावित गरिएको नाममा प्राप्त भएका सुझाव समेतका आधारमा बन्दसूची दर्ता गर्ने निर्णय गरियो । नेकपा (एमाले)का तर्फबाट निर्वाचन आयोगमा दर्ता गरिएको बन्दसूची अनुसूची -१ मा राखिएको छ ।

**६. प्रतिनिधिसभा प्रत्यक्षतर्फको सम्भावित उम्मेद्वारको सिफारिस मापदण्ड र प्रक्रिया:**

प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्षतर्फका सम्भावित उम्मेद्वारको नाम सिफारिसका लागि निम्नानुसारको मापदण्ड र प्रक्रिया निर्धारण गरियो:

**क) सिफारिसको मापदण्ड:**

- पार्टी कार्यकर्ता र जनतामा लोकप्रिय,
- पार्टी नीति र निर्णयका पक्षमा प्रतिबद्ध,
- प्रतिनिधिसभामा पार्टीका तर्फबाट प्रभावकारी भूमिका खेल्नसक्ने योग्य र सक्षम,
- निर्वाचन कानूनले अयोग्य भनी किटान गरेको व्यक्ति नरहेको ।

**ख) सिफारिसको प्रक्रिया:**

- एकमात्र निर्वाचन क्षेत्र भएको जिल्लाको हकमा जिल्ला कमिटीले र एकभन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लाका हकमा प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटीले कम्तिमा १ महिलासहित ३ जना सम्भावित उम्मेद्वारको नाम २०८२ पुस २० गतेभित्र पार्टी केन्द्रीय कार्यालयमा आइपुग्नेगरी सिफारिस गर्ने ।
- एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएका जिल्लाका हकमा प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटीले गरेको सिफारिसमा आफ्नो राय जिल्ला कमिटीले २०८२ पुस २२ गतेभित्र र प्रदेश कमिटीले जिल्ला कमिटीबाट प्राप्त सिफारिस र रायउपर आफ्नो थप राय भए २०८२ पुस २४ गतेभित्र पार्टी केन्द्रीय कार्यालयमा आइपुग्ने गरी आफ्नो राय पठाउने ।
- प्राप्त सिफारिस तथा रायलाई आधार मान्दै पार्टीको बृहत्तर हित एवम् राष्ट्रिय राजनीतिक परिस्थिति समेतलाई ध्यानमा राखेर पार्टी केन्द्रीय कमिटीले उम्मेद्वारका सन्दर्भमा अन्तिम निर्णय गर्नेछ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

७. **राष्ट्रियसभाको निर्वाचनमा पार्टीका तर्फबाट उमेद्वार चयन:**

राष्ट्रियसभामा कुनै पनि पार्टीले एकलरूपमा निर्वाचन जित्नसक्ने अवस्था नरहेको अवस्थामा पार्टीले नेपाली कांग्रेससँग तालमेल गरी आफ्नो पुरानो अवस्था कायम गर्ने कुरालाई जोड दियो । नेपाली कांग्रेसले अन्य दलहरूसँग पनि तालमेल गर्ने प्रस्ताव अघि सारेको अवस्थामा सोहीअनुसार अघि बढ्ने सहमति गरियो । पछिल्लो समयमा नेपाली कम्युनिष्ट पार्टी सहमतिबाट पछि हटेको अवस्थामा नेपाली कांग्रेस र जसपासँग सहमति कायम गरिएको छ । सहमतिअनुसार नेकपा (एमाले)का तर्फबाट ८ सिटमा उम्मेद्वारी दिने निर्णय भएको छ ।

१. लिला भण्डारी - कैलाली, सुदुरपश्चिम प्रदेश
२. मिना रखाल - दैलेख, कर्णाली प्रदेश
३. रामकुमारी झाक्री - गुल्मी, लुम्बिनी प्रदेश
४. संझना देवकोटा - गोर्खा, गण्डकी प्रदेश
५. प्रेम दंगाल - काठमाडौँ, बागमती प्रदेश
६. रेखा झा - महोत्तरी, मधेस प्रदेश
७. रोशनी मेचे - झापा, कोशी प्रदेश
८. सोम पोर्तेल - झापा, कोशी प्रदेश

८ **आमनिर्वाचनको तयारी:**

पार्टी प्रतिनिधिसभा पुनर्स्थापना नै प्रतिगमनबाट मुलुकलाई लोकतन्त्रको बाटोमा फर्काउने सबैभन्दा उपयुक्त र सुरक्षित बाटो हो भन्ने मान्यतामा दृढ छ । अहिले पनि चुनावको वातावरण बन्नसकेको छैन भन्ने पार्टीमा विश्लेषण रहँदै आएको छ । तर जुनसुकै अवस्थामा निर्वाचन गरिछोड्ने भन्ने सरकार र निर्वाचन आयोगको तयारी र अन्य दलहरू समेत निर्वाचनका पक्षमा देखिएको अवस्थामा निर्वाचनबाट अलग बस्ने कुरा उचित हुँदैन भन्ने पार्टीको मान्यताका आधारमा केन्द्रीय सचिवालयको बैठकले निर्वाचनलाई समेत आन्दोलनकारी ढङ्गले अघि बढाउने निर्णय गरेको छ । यसअनुसार निर्वाचनको तयारी र परिचालनका सन्दर्भमा निम्नानुसारको निर्णय गरेको छ ।

**क) घोषणापत्र मस्यौदा कमिटी गठन:**

पार्टी अध्यक्ष केपी शर्मा ओलीको संयोजकत्वमा कमरेडहरू रामबहादुर थापा बादल, विष्णुप्रसाद पौडेल, शंकर पोखरेल, ईश्वर पोखरेल, प्रदीप ज्ञवाली र विष्णुप्रसाद रिमाल रहेको घोषणापत्र मस्यौदा कमिटी गठन गरिएको छ ।

**ख) निर्वाचन परिचालन कमिटी:**

पार्टी उपाध्यक्ष कमरेड रामबहादुर थापा 'बादल' संयोजक, नीति तथा अनुसन्धान प्रतिस्ठानका अध्यक्ष कमरेड विष्णुप्रसाद रिमाल सचिव र केन्द्रीय सचिव कमरेडहरू छविलाल विश्वकर्मा, राजन भट्टराई, हिक्मत कार्की, केन्द्रीय सदस्य कमरेडहरू रमेश

बडाल, मीनबहादुर शाही र डा. भीष्म अधिकारी सदस्य रहेको निर्वाचन परिचालन कमिटी गठन गरिएको छ ।

**ग) निर्वाचनकेन्द्रित कार्यविभाजन र कामको मूल्यांकनको योजना:**

पार्टीका पदाधिकारी र केन्द्रीय कमिटीका सम्पूर्ण सदस्यहरूलाई निर्वाचनको काममा केन्द्रित रहने गरी परिचालन गर्ने नीतिअनुरूप अस्थायी कार्यविभाजन गर्ने नीति अवम्बन गरिएको छ । मुलुक निर्वाचनमा होमिएको अवस्थामा सिंगो पार्टीपंक्ति आन्दोलनकारी मनस्थितिका साथ निर्वाचनमा परिचालित हुनु आवश्यक हुन्छ । पार्टीका नेता र कार्यकर्ताले निर्वाचनमा खेलेको भूमिकाको मूल्यांकनका आधारमा अघि बढ्ने नीति अवलम्बन गरिने छ । मनोनयन, पोलिटब्युरो तथा स्थायी कमिटी गठन तथा समग्र कार्यविभाजन निर्वाचन सम्पन्न भएपछि गरिने निर्णय भएको छ । निर्वाचन सम्पन्न भएको १ महिनाभित्र सम्बन्धित तहका कमिटीले निर्वाचनको समीक्षा गरी त्यसको प्रतिवेदन केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।

**९. कार्यविभाजन:**

**क) केन्द्रीय तथा प्रादेशिक कामको संयोजनको जिम्मेवारी:**

१) कोशी प्रदेश: संयोजक- शेरधन राई
२) मधेस प्रदेश: संयोजक- लिलानाथ श्रेष्ठ
३) बागमती प्रदेश: संयोजक- महेश बस्नेत
४) राजधानी प्रदेश: संयोजक- डा. राजन भट्टराई
५) गण्डकी प्रदेश: संयोजक- खगराज अधिकारी
६) लुम्बिनी प्रदेश: संयोजक- पद्मा अर्याल
७) कर्णाली प्रदेश: संयोजक- यामलाल कँडेल
८) सुदुरपश्चिम प्रदेश: संयोजक- गणेश ठगुन्ना
९) संगठन विभाग र जनसंगठनको कामको संयोजन- भानुभक्त ढकाल
१०) प्रचारात्मक कामको संयोजन- मीनबहादुर शाही
११) निर्वाचन आयोगको काममा संयोजन: रमेश वडाल

**ख) जिल्लाको चुनावी अभियान तथा पार्टी कामको संयोजनको जिम्मेवारी**

| कोशी प्रदेश | | | | |
|---|---|---|---|---|
| क्र.सं. | नाम थर | पद | जिम्मेवारी | जिल्ला |
| १. | तिलकुमार मेन्याङ्बो लिम्बु | सदस्य | संयोजक | ताप्लेजुङ |
| २. | क्षितिज थेवे | सदस्य | सदस्य | ताप्लेजुङ |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | |
|---|---|---|---|---|
| ३. | अइन्द्र सुन्दर नेम्वाङ | सदस्य | संयोजक | पाँचथर |
| ४. | आशारत्न जवेगू | सदस्य | सदस्य | पाँचथर |
| ५. | भूमिका लिम्बू सुब्बा | सदस्य | सदस्य | पाँचथर |
| ६. | राम राना | सदस्य | संयोजक | ईलाम |
| ७. | सकुन्तला लेप्चा | सदस्य | सदस्य | ईलाम |
| ८. | सुहाङ्ग नेम्बाङ्ग | सदस्य | सदस्य | ईलाम |
| ९. | तुलसीप्रसाद न्यौपाने | सदस्य | संयोजक | संखुवासभा |
| १०. | कमला देवी तामाङ | सदस्य | सदस्य | संखुवासभा |
| ११. | राजेन्द्रप्रसाद गौतम | सदस्य | सदस्य | संखुवासभा |
| १२. | विष्णुमाया विक | सदस्य | संयोजक | तेह्रथुम |
| १३. | राजेन्द्रकुमार राई | सदस्य | संयोजक | धनकुटा |
| १४. | मनकुमारी तितुङ्ग (तारा) | सदस्य | सदस्य | धनकुटा |
| १५. | हेमराज राई | सदस्य | संयोजक | भोजपुर |
| १६. | विशाल भट्टराई | सदस्य | संयोजक | खोटाङ |
| १७. | उषाकला राई | सदस्य | सदस्य | खोटाङ |
| १८. | भोलानाथ पोखरेल रोहित | सदस्य | सदस्य | खोटाङ |
| १९. | विणादेवी राई | सदस्य | सदस्य | खोटाङ |
| २०. | यज्ञराज सुनुवार | सदस्य | संयोजक | ओखलढुंगा |
| २१. | अस्मिता थापा | सदस्य | सदस्य | ओखलढुंगा |
| २२. | मानवीर राई | सदस्य | संयोजक | सोलुखुम्बु |
| २३. | मञ्जुकुमारी चौधरी | सदस्य | संयोजक | उदयपुर |
| २४. | रोमनाथ ओली | सदस्य | संयोजक | झापा |
| २५. | अग्निप्रसाद खरेल | सदस्य | सदस्य | झापा |
| २६. | ईन्द्रप्रसाद भण्डारी | सदस्य | सदस्य | झापा |
| २७. | ई.एलिसा गौतम | सदस्य | सदस्य | झापा |
| २८. | गीता अधिकारी | सदस्य | सदस्य | झापा |
| २९. | गोविन्द थापा | सदस्य | सदस्य | झापा |
| ३०. | जलबर्षा राजवंशी | सदस्य | सदस्य | झापा |
| ३१. | चिन्तन पाठक | सदस्य | सदस्य | झापा |
| ३२. | जितु गौतम | सदस्य | सदस्य | झापा |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | |
|---|---|---|---|---|
| ३३. | दिपक कार्की | सदस्य | सदस्य | झापा |
| ३४. | देवेन्द्र दाहाल | सदस्य | सदस्य | झापा |
| ३५. | निता घतानी | सदस्य | सदस्य | झापा, |
| ३६. | निर्मला पाठक (नर्भदा) | सदस्य | सदस्य | झापा |
| ३७. | मनोज ताम्ली | सदस्य | सदस्य | झापा, |
| ३८. | मीना पोखरेल उप्रेती | सदस्य | सदस्य | झापा |
| ३९. | मेनका काफ्ले | सदस्य | सदस्य | झापा |
| ४०. | सुनिता बराल | सदस्य | सदस्य | झापा |
| ४१. | होमबहादुर थापा | सदस्य | सदस्य | झापा |
| ४२. | ऋषिकेश पोखरेल | सदस्य | संयोजक | मोरङ |
| ४३. | जीवन घिमिरे | सदस्य | सदस्य | मोरङ |
| ४४. | दिलीपकुमार अग्रवाल | सदस्य | सदस्य | मोरङ |
| ४५. | पर्शुराम बस्नेत | सदस्य | सदस्य | मोरङ |
| ४६. | लालबाबु पण्डित | सदस्य | सदस्य | मोरङ |
| ४७. | शिल्पा निराला कार्की | सदस्य | सदस्य | मोरङ |
| ४८. | जगदीशप्रसाद कुशियत | सदस्य | संयोजक | सुनसरी |
| ४९. | भगवती चौधरी | सदस्य | सदस्य | सुनसरी |
| ५०. | मञ्जु भण्डारी (सुवेदी) | सदस्य | सदस्य | सुनसरी |

**मधेश प्रदेश**

| क्र.सं. | नाम थर | पद | जिम्मेवारी | जिल्ला |
|---|---|---|---|---|
| ५१. | ताराकान्त चौधरी | सदस्य | संयोजक | सप्तरी |
| ५२. | राजकुमार लेखी | सदस्य | सदस्य | सप्तरी |
| ५३. | सरिता कुमारी गिरी (यादव) | सदस्य | सदस्य | सप्तरी |
| ५४. | गंगाप्रसाद यादव | सदस्य | संयोजक | सिराहा |
| ५५. | मुन्नी साह सुडी | सदस्य | सदस्य | सिराहा |
| ५६. | रामरती देवी राम | सदस्य | सदस्य | सिराहा |
| ५७. | जुलीकुमारी महतो | सदस्य | संयोजक | धनुषा |
| ५८. | उमाशंकर अगरिया | सदस्य | सदस्य | धनुषा |
| ५९. | प्रतीक्षा तिवारी | सदस्य | सदस्य | धनुषा |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org

Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | |
|---|---|---|---|---|
| ६०. | मनोजकुमार खड्का | सदस्य | सदस्य | धनुषा |
| ६१. | मोहमद कैस | सदस्य | सदस्य | धनुषा |
| ६२. | रामचन्द्र मण्डल | सदस्य | सदस्य | धनुषा |
| ६३. | लखनदास तत्मा | सदस्य | सदस्य | धनुषा |
| ६४. | सविता यादव | सदस्य | सदस्य | धनुषा |
| ६५. | हरिनारायण महतो | सदस्य | सदस्य | धनुषा |
| ६६. | सरोजकुमार यादव | सदस्य | संयोजक | महोत्तरी |
| ६७. | अमरकुमार यादव | सदस्य | सदस्य | महोत्तरी |
| ६८. | हरिप्रसाद उप्रेती | सदस्य | संयोजक | सर्लाही |
| ६९. | कल्पना कुमारी कटुवाल | सदस्य | सदस्य | सर्लाही |
| ७०. | राधिका खतिवडा | सदस्य | सदस्य | सर्लाही |
| ७१. | रौनित साह | सदस्य | सदस्य | सर्लाही |
| ७२. | अजयकुमार गुप्ता | सदस्य | संयोजक | रौतहट |
| ७३. | आरती भण्डारी | सदस्य | सदस्य | रौतहट |
| ७४. | उपेन्द्रप्रसाद साह | सदस्य | सदस्य | रौतहट |
| ७५. | कुन्दनप्रसाद कुशवाह | सदस्य | सदस्य | रौतहट |
| ७६. | अच्युतप्रसाद मैनाली | सदस्य | संयोजक | बारा |
| ७७. | एकवाल मियाँ | सदस्य | सदस्य | बारा |
| ७८. | कृष्ण कुमार श्रेष्ठ (किसान) | सदस्य | सदस्य | बारा |
| ७९. | ज्वालाकुमारी साह | सदस्य | सदस्य | बारा |
| ८०. | ई.मोबिन आलम | सदस्य | सदस्य | बारा |
| ८१. | वलवीर प्रसाद चौधरी | सदस्य | सदस्य | बारा |
| ८२. | मोहमद समिर | सदस्य | सदस्य | बारा |
| ८३. | सीता सुवेदी | सदस्य | सदस्य | बारा |
| ८४. | प्रभु हजरा दुसाध | सदस्य | संयोजक | पर्सा |
| ८५. | निर्मला देवकोटा | सदस्य | सदस्य | पर्सा |
| ८६. | विजयकुमार सरावगी | सदस्य | सदस्य | पर्सा |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| बागमती प्रदेश | | | | |
|---|---|---|---|---|
| क्र.सं. | नाम थर | पद | जिम्मेवारी | जिल्ला |
| ८७. | पार्वत गुरूङ | सदस्य | संयोजक | दोलखा |
| ८८. | उर्मिला सुनुवार | सदस्य | सदस्य | दोलखा |
| ८९. | रचना खड्का | सदस्य | सदस्य | दोलखा |
| ९०. | श्यामकुमार वस्नेत | सदस्य | सदस्य | दोलखा |
| ९१. | माधव प्रसाद ढुङ्गेल | सदस्य | संयोजक | रामेछाप |
| ९२. | गिता कार्की | सदस्य | सदस्य | रामेछाप |
| ९३. | प्रदिपकुमार कटुवाल क्षेत्री | सदस्य | संयोजक | सिन्धुली |
| ९४. | निरकुमारी कुँवर (निरू दर्लामी) | सदस्य | सदस्य | सिन्धुली |
| ९५. | विषमलाल अधिकारी दनुवार | सदस्य | सदस्य | सिन्धुली |
| ९६. | अशोक ब्याञ्जु | सदस्य | संयोजक | काभ्रेपलाञ्चोक |
| ९७. | अमित लामा (अमि) | सदस्य | सदस्य | काभ्रेपलाञ्चोक |
| ९८. | गोकुलप्रसाद बास्कोटा | सदस्य | सदस्य | काभ्रेपलाञ्चोक |
| ९९. | रूक्मिणी राना (बराईली) | सदस्य | सदस्य | काभ्रेपलाञ्चोक |
| १००. | सुवास कर्माचार्य | सदस्य | संयोजक | सिन्धुपाल्चोक |
| १०१. | डोल्मा तामाङ | सदस्य | सदस्य | सिन्धुपाल्चाके |
| १०२. | शेरबहादुर तामाङ | सदस्य | सदस्य | सिन्धुपाल्चोक |
| १०३. | हस्तबहादुर पण्डित | सदस्य | सदस्य | सिन्धुपाल्चोक |
| १०४. | प्रेम तामाङ | सदस्य | संयोजक | रसुवा |
| १०५. | केशवराज पाण्डे | सदस्य | संयोजक | नुवाकोट |
| १०६. | बिन्दा ढुंगाना | सदस्य | सदस्य | नुवाकोट |
| १०७. | डा.विन्दा पाण्डे | सदस्य | सदस्य | नुवाकोट |
| १०८. | भुमि त्रिपाठी | सदस्य | संयोजक | धादिङ |
| १०९. | क्रान्ति बुर्लाकोटी | सदस्य | सदस्य | धादिङ |
| ११०. | खेमप्रसाद लोहनी | सदस्य | सदस्य | धादिङ |
| १११. | देवीप्रसाद ज्ञवाली | सदस्य | संयोजक | चितवन |
| ११२. | कृष्णभक्त पोखरेल | सदस्य | सदस्य | चितवन |
| ११३. | जगन्नाथ थपलिया (जेएन) | सदस्य | सदस्य | चितवन |

| | | | | |
|---|---|---|---|---|
| ११४. | निशा अधिकारी | सदस्य | सदस्य | चितवन |
| ११५. | प्रभा बराल | सदस्य | सदस्य | चितवन |
| ११६. | पार्वती रावल | सदस्य | सदस्य | चितवन |
| ११७. | यमबहादुर परियार | सदस्य | सदस्य | चितवन |
| ११८. | रामेश्वर राना | सदस्य | संयोजक | मकवानपुर |
| ११९. | एकलाल श्रेष्ठ | सदस्य | सदस्य | मकवानपुर |
| १२०. | भारती पाठक | सदस्य | सदस्य | मकवानपुर |
| १२१. | महेश कुमार बर्तौला | सदस्य | सदस्य | मकवानपुर |

**राजधानी प्रदेश**

| क्र.सं. | नाम थर | पद | जिम्मेवारी | जिल्ला |
|---|---|---|---|---|
| १२२. | रामेश्वर फुयाँल | सदस्य | संयोजक | काठमाडौं |
| १२३. | डा. अजय क्रान्ति शाक्य | सदस्य | सदस्य | काठमाडौं |
| १२४. | अमन मास्के | सदस्य | सदस्य | काठमाडौं |
| १२५. | आनन्द पोखरेल | सदस्य | सदस्य | काठमाडौं |
| १२६. | ईश्वर पोखरेल | सदस्य | सदस्य | काठमाडौं |
| १२७. | कृष्णगोपाल श्रेष्ठ | सदस्य | सदस्य | काठमाण्डौ |
| १२८. | गणेश दुलाल | सदस्य | सदस्य | काठमाडौं |
| १२९. | बिन्दु महर्जन | सदस्य | सदस्य | काठमाडौं |
| १३०. | बिनाकुमारी श्रेष्ठ | सदस्य | सदस्य | काठमाडौं |
| १३१. | रत्ना गुरूङ | सदस्य | सदस्य | काठमाडौं |
| १३२. | रमेश बडाल | सदस्य | सदस्य | काठमाडौं |
| १३३. | विनोद श्रेष्ठ | सदस्य | सदस्य | काठमाडौं |
| १३४. | डा.वीरेन्द्रराज शर्मा पोखरेल | सदस्य | सदस्य | काठमाडौं |
| १३५. | सीता लामा | सदस्य | सदस्य | काठमाडौं |
| १३६. | सुजिता शाक्य | सदस्य | सदस्य | काठमाडौं |
| १३७. | सुनिता डंगोल | सदस्य | सदस्य | काठमाडौं |
| १३८. | हरिकृष्ण व्यञ्जनकार | सदस्य | संयोजक | ललितपुर |
| १३९. | डा.टिका ढकाल | सदस्य | सदस्य | ललितपुर |
| १४०. | तारा संजेल | सदस्य | सदस्य | ललितपुर |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | |
|---|---|---|---|---|
| १४१. | सन्तना दाहाल | सदस्य | सदस्य | ललितपुर |
| १४२. | सुशिला नेपाल | सदस्य | सदस्य | ललितपुर |
| १४३. | शकुन्तला श्रेष्ठ | सदस्य | संयोजक | भक्तपुर |
| १४४. | समिक बडाल | सदस्य | संयोजक | विधार्थी विशेष |
| १४५. | जनक चौधरी | सदस्य | संयोजक | मज्दुर विशेष |
| १४६. | बालिका गिरी | सदस्य | संयोजक | उधोग व्यवसाय विशेष |
| १४७. | प्रेम पराजुली | सदस्य | संयोजक | पेशागत विशेष |

**गण्डकी प्रदेश**

| क्र.सं. | नाम थर | पद | जिम्मेवारी | जिल्ला |
|---|---|---|---|---|
| १४८. | कृष्णबहादुर थापा | सदस्य | संयोजक | कास्की |
| १४९. | जगतबहादुर विश्वकर्मा | सदस्य | सदस्य | कास्की |
| १५०. | देवका पहारी | सदस्य | सदस्य | कास्की |
| १५१. | नवराज ओभा | सदस्य | सदस्य | कास्की |
| १५२. | प्रभा कोईराला | सदस्य | सदस्य | कास्की |
| १५३. | मञ्जुदेवी गुरूङ | सदस्य | सदस्य | कास्की |
| १५४. | रश्मी आचार्य | सदस्य | सदस्य | कास्की |
| १५५. | राजिव पहारी | सदस्य | सदस्य | कास्की |
| १५६. | चन्द्रमोहन गौचन | सदस्य | संयोजक | मुस्ताङ |
| १५७. | सम्राट गौचन | सदस्य | संयोजक-मनाङ | सदस्य-मुस्ताङ |
| १५८. | पदम गिरी | सदस्य | संयोजक | पर्वत |
| १५९. | कल्पना चापागाईं | सदस्य | सदस्य | पर्वत |
| १६०. | मनोहर वि. पौडेल | सदस्य | सदस्य | पर्वत |
| १६१. | सीमाकुमारी क्षेत्री | सदस्य | संयोजक | स्याङ्जा |
| १६२. | खिम बहादुर थापा | सदस्य | सदस्य | स्याङ्जा |
| १६३. | सीता कुमारी सुन्दास | सदस्य | सदस्य | स्याङ्जा |
| १६४. | शोभियत ढकाल | सदस्य | सदस्य | स्याङ्जा |
| १६५. | थममाया थापा | सदस्य | संयोजक | म्याग्दी |
| १६६. | नरदेवी पुन | सदस्य | सदस्य | म्याग्दी |
| १६७. | हरिकृष्ण श्रेष्ठ | सदस्य | सदस्य | म्याग्दी |




तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | |
|---|---|---|---|---|
| १६८. | मनकुमारी जिसी (केसी) | सदस्य | संयोजक | बाग्लुङ |
| १६९. | गोविन्दबहादुर नेपाली | सदस्य | सदस्य | बागलुङ |
| १७०. | मञ्जु शर्मा चालिसे | सदस्य | सदस्य | बागलुङ |
| १७१. | लिलबहादुर थापा मगर | सदस्य | सदस्य | बाग्लुङ |
| १७२. | सावित्रा राना | सदस्य | सदस्य | बागलुङ |
| १७३. | डा.सुर्य प्रसाद पाठक | सदस्य | सदस्य | बागलुङ |
| १७४. | तिलबहादुर महत क्षेत्री | सदस्य | संयोजक | नवलपुर |
| १७५. | रविन्द्र अधिकारी | सदस्य | सदस्य | नवलपुर |
| १७६. | केदार सिग्देल | सदस्य | संयोजक | तनहुँ |
| १७७. | किरण गुरूङ | सदस्य | सदस्य | तनहुँ |
| १७८. | भगवती न्यौपाने | सदस्य | सदस्य | तनहुँ |
| १७९. | जमीन्द्रमान घले | सदस्य | संयोजक | लमजुङ |
| १८०. | कृष्णप्रसाद अधिकारी | सदस्य | सदस्य | लमजुङ |
| १८१. | टुकाभद्र हमाल | सदस्य | सदस्य | लमजुङ |
| १८२. | भगवती थापा क्षेत्री (कल्पना) | सदस्य | सदस्य | लमजुङ |
| १८३. | यशोदा रिमाल | सदस्य | सदस्य | लमजुङ |
| १८४. | आरसी लामिछाने | सदस्य | संयोजक | गोरखा |
| १८५. | रामशरण बस्नेत | सदस्य | सदस्य | गोरखा |

**लुम्बिनी प्रदेश**

| क्र.सं. | नाम थर | पद | जिम्मेवारी | जिल्ला |
|---|---|---|---|---|
| १८६. | सरिता भुसाल खनाल | सदस्य | संयोजक | नवलपरासी |
| १८७. | किरण पौडेल | सदस्य | सदस्य | नवलपरासी |
| १८८. | बिमला अर्याल | सदस्य | सदस्य | नवलपरासी |
| १८९. | लक्ष्मी क्षेत्री | सदस्य | सदस्य | नवलपरासी |
| १९०. | खिमलाल भट्टराई | सदस्य | संयोजक | रूपन्देही |
| १९१. | गुमादेवी आचार्य | सदस्य | सदस्य | रूपन्देही |
| १९२. | गोपाल राना | सदस्य | सदस्य | रूपन्देही |
| १९३. | जलिल मियाँ | सदस्य | सदस्य | रूपन्देही |
| १९४. | दधिराम न्यौपाने | सदस्य | सदस्य | रूपन्देही |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | |
|---|---|---|---|---|
| १९५. | भूमिश्वर ढकाल | सदस्य | सदस्य | रूपन्देही |
| १९६. | ज्ञानु के.सी. | सदस्य | सदस्य | रूपन्देही |
| १९७. | बलराम अधिकारी | सदस्य | संयोजक | कपिलवस्तु |
| १९८. | गिरीधारी लाल न्यौपाने | सदस्य | सदस्य | कपिलवस्तु |
| १९९. | शिव कुमारी चौधरी | सदस्य | सदस्य | कपिलवस्तु |
| २००. | ठाकुरप्रसाद गैरे | सदस्य | संयोजक | पाल्पा |
| २०१. | थानेश्वरप्रसाद बस्याल | सदस्य | सदस्य | पाल्पा |
| २०२. | नारायणप्रसाद आचार्य | सदस्य | सदस्य | पाल्पा |
| २०३. | सरस्वती चिदी | सदस्य | सदस्य | पाल्पा |
| २०४. | बोमबहादुर विश्वकर्मा | सदस्य | संयोजक | अर्घाखाँची |
| २०५. | चेतनारायण आचार्य | सदस्य | सदस्य | अर्घाखाँची |
| २०६. | सरिता भुसाल | सदस्य | सदस्य | अर्घाखाँची |
| २०७. | जंगबहादुर नेपाली | सदस्य | संयोजक | गुल्मी |
| २०८. | प्रदीप ज्ञवाली | सदस्य | सदस्य | गुल्मी |
| २०९. | रामकुमारी झाँक्री | सदस्य | सदस्य | गुल्मी |
| २१०. | खेममान खडका | सदस्य | संयोजक | रूकुम पूर्व |
| २११. | लिलामणी गौतम | सदस्य | सदस्य | रूकुम पूर्व |
| २१२. | गोकुलप्रसाद घर्ती मगर | सदस्य | संयोजक | रोल्पा |
| २१३. | सुर्य बहादुर थापा क्षेत्री | सदस्य | संयोजक | प्युठान |
| २१४. | नरूलाल चौधरी | सदस्य | संयोजक | दाङ |
| २१५. | कोमल ओली | सदस्य | सदस्य | दाङ |
| २१६. | घनश्याम पाण्डे | सदस्य | सदस्य | दाङ |
| २१७. | जीवन गौतम | सदस्य | सदस्य | दाङ |
| २१८. | मेनका कुमारी पोखरेल | सदस्य | सदस्य | दाङ |
| २१९. | शान्ता चौधरी | सदस्य | सदस्य | दाङ |
| २२०. | साजिदा खातुन सिद्धिकी | सदस्य | सदस्य | दाङ |
| २२१. | सीता सिग्देल न्यौपाने | सदस्य | सदस्य | दाङ |
| २२२. | शान्तिदेवी ढकाल | सदस्य | संयोजक | बाँके |
| २२३. | आरती पौडेल | सदस्य | सदस्य | बाँके |
| २२४. | मोहम्मद हारून हलुवाई | सदस्य | सदस्य | बाँके |




तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | |
|---|---|---|---|---|
| २२५. | वसन्ती अधिकारी | सदस्य | सदस्य | बाँके |
| २२६. | सुर्य ढकाल | सदस्य | सदस्य | बाँके |
| २२७. | खड्कबहादुर खड्का | सदस्य | संयोजक | बर्दिया |
| २२८. | कृष्णी थारू | सदस्य | सदस्य | बर्दिया |
| २२९. | विमला वि.क. | सदस्य | सदस्य | बर्दिया |
| २३०. | विना झवाली | सदस्य | सदस्य | बर्दिया |
| २३१. | शोभा झवाली | सदस्य | सदस्य | बर्दिया |

**कर्णाली प्रदेश**

| क्र.सं. | नाम थर | पद | जिम्मेवारी | जिल्ला |
|---|---|---|---|---|
| २३२. | गोविन्द पुन | सदस्य | संयोजक | सल्यान |
| २३३. | बदमी क्वाँरी बुढा (बोहरा) | सदस्य | संयोजक | डोल्पा |
| २३४. | जितबहादुर मल्ल | सदस्य | संयोजक | मुगु |
| २३५. | दानसिंह परियार | सदस्य | संयोजक-जुम्ला | सदस्य-मुगु |
| २३६. | दल रावल | सदस्य | संयोजक | हुम्ला |
| २३७. | गोरखबहादुर बोगटी | सदस्य | सदस्य | हुम्ला |
| २३८. | दल फडेरा | सदस्य | सदस्य | हुम्ला |
| २३९. | नागेन्द्र शाही (नेशनल) | सदस्य | संयोजक | कालिकोट |
| २४०. | इन्दिरा कुमारी पन्थी (सञ्ज्याल) | सदस्य | सदस्य | कालिकोट |
| २४१. | डम्बरबहादुर सिंह | सदस्य | संयोजक | जाजरकोट |
| २४२. | चन्द्रप्रकाश घर्ती (सीपी) | सदस्य | सदस्य | जाजरकोट |
| २४३. | निरज आचार्य | सदस्य | सदस्य | जाजरकोट |
| २४४. | मीना सिंह रखाल | सदस्य | संयोजक | दैलेख |
| २४५. | पार्वती विशुन्के | सदस्य | सदस्य | दैलेख |
| २४६. | राजबहादुर बुढाक्षेत्री | सदस्य | सदस्य | दैलेख |
| २४७. | रूद्रबहादुर शाही | सदस्य | सदस्य | दैलेख |
| २४८. | विष्णु रिजाल | सदस्य | सदस्य | दैलेख |
| २४९. | सुर्य कुमारी श्रेष्ठ | सदस्य | सदस्य | दैलेख |
| २५०. | सुशीलकुमार थापा | सदस्य | संयोजक-रूकुम पश्चिम | सदस्य- दैलेख |
| २५१. | नवराज रावत | सदस्य | संयोजक | सुर्खेत |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | |
|---|---|---|---|---|
| २५२. | पदमा खड्का | सदस्य | सदस्य | सुर्खेत |
| २५३. | मोहनमाया ढकाल (भण्डारी) | सदस्य | सदस्य | सुर्खेत |

| सुदूरपश्चिम प्रदेश | | | | |
|---|---|---|---|---|
| क्र.सं. | नाम थर | पद | जिम्मेवारी | जिल्ला |
| २५४. | लालबहादुर थापा | सदस्य | संयोजक | बाजुरा |
| २५५. | कर्णबहादुर थापा | सदस्य | सदस्य | बाजुरा |
| २५६. | नरेश रोकाय | सदस्य | सदस्य | बाजुरा |
| २५७. | सहदेव बोगटी | सदस्य | सदस्य | बाजुरा |
| २५८. | ऐन बहादुर महर | सदस्य | संयोजक | बझाङ |
| २५९. | अफिलाल ओखेडा | सदस्य | सदस्य | बझाङ |
| २६०. | आशाकुमारी विक | सदस्य | सदस्य | बझाङ |
| २६१. | भागिरथी सिंह | सदस्य | सदस्य | बझाङ |
| २६२. | चक्रबहादुर मल्ल | सदस्य | संयोजक | डोटी |
| २६३. | झपटबहादुर बोहरा | सदस्य | संयोजक | अछाम |
| २६४. | यज्ञबहादुर बोगटी | सदस्य | सदस्य | अछाम |
| २६५. | गणेशसिंह ठगुन्ना | सदस्य | संयोजक | दार्चुला |
| २६६. | दामोदर भण्डारी | सदस्य | संयोजक | बैतडी |
| २६७. | गोविन्द गिरी | सदस्य | सदस्य | बैतडी |
| २६८. | लिलाधर भट्ट | सदस्य | सदस्य | बैतडी |
| २६९. | पठानसिंह बोहरा | सदस्य | संयोजक | डडेल्धुरा |
| २७०. | निरूदेवी पाल | सदस्य | संयोजक | कञ्चनपुर |
| २७१. | कमला बोहरा | सदस्य | सदस्य | कञ्चनपुर |
| २७२. | कृपाराम राना | सदस्य | सदस्य | कञ्चनपुर |
| २७३. | लीलाकुमारी भण्डारी | सदस्य | संयोजक | कैलाली |
| २७४. | कमला कुमारी ओली | सदस्य | सदस्य | कैलाली |
| २७५. | गौरीशंकर चौधरी (थारू) | सदस्य | सदस्य | कैलाली |
| २७६. | झपटबहादुर रावल | सदस्य | सदस्य | कैलाली |
| २७७. | सन्तोष कुमारी शर्मा थापा | सदस्य | सदस्य | कैलाली |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**सम्पर्क समन्वयः**

१) कोशी प्रदेश सम्पर्क कमिटीः संयोजक-इन्द्र भण्डारी
२) मधेस प्रदेश सम्पर्क कमिटीः संयोजक-श्यामकुमार वस्नेत
३) बागमती प्रदेश सम्पर्क कमिटीः संयोजक-श्यामकुमार वस्नेत
४) गण्डकी प्रदेश सम्पर्क कमिटीः संयोजक- भगवती थापा क्षेत्री कल्पना
५) लुम्बिनी प्रदेश सम्पर्क कमिटीः संयोजक- थानेश्वर वस्याल
६) कर्णाली प्रदेश सम्पर्क कमिटीः संयोजक- सूर्यकुमारी श्रेष्ठ
७) सुदुरपश्चिम प्रदेश सम्पर्क कमिटीः संयोजक- भगवती थापा क्षेत्री कल्पना

**ग) युवाकेन्द्रित अभियानको संयोजनको जिम्मेवारीः**

युवाहरूका बीचको पार्टी काममा हाम्रो पार्टीले विशेष जोड दिँदै आएको छ । युवाहरू नै मुलुकको भविष्य हुन् । उनीहरूलाई मूलधारको राजनीतिबाट अलग गर्ने नियोजित षड्यन्त्र भइरहेको छ । भदौ २३ र २४ गतेको विध्वंसकारी घटनाबाट सिर्जित प्रतिकूल परिस्थितिले नवयुवाहरूलाई समेत षड्यन्त्रको गहिरो अनुभूति भइरहेको छ । नेकपा (एमाले) नै युवाहरूको भविष्यलाई सुरक्षित गर्नसक्ने एकमात्र भरोसायोग्य पार्टी हो । आगामी दिनमा हामीले यो सच्चाइलाई आम युवाहरूका बीचमा पुऱ्याउनु पर्दछ । एघारौं महाधिवेशनबाट हामीले युवाहरूको उल्लेख्य संख्यालाई केन्द्रीय नेतृत्वमा स्थापित गर्न सफल भएका छौं । केन्द्रीय कमिटीमा रहेका युवाहरूको परिचालनका माध्यमबाट प्रतिगमनका विरूद्धको आन्दोलन र आमनिर्वाचनका लागि युवा जनमत निर्माणको विशेष कार्ययोजना बनाएर अघि बढ्नु आवश्यक छ । यसका लागि केन्द्र र प्रदेश तहमा युवा कमरेडहरूलाई परिचालित गर्ने योजना अघि बढाइएको छ र सोहीअनुरूपको जिम्मेवारी तोक्ने काम भएको छ । केन्द्रीय तहको संयोजनको जिम्मेवारीमा रहनुभएका कमरेडहरूले प्रदेशमा जिम्मा तोकिनुभएका कमरेडको सहभागीतामा राष्ट्रिय युवा संघ नेपाल, अनेरास्ववियु र राष्ट्रिय स्वयम्सेवक फोर्स तथा पार्टीसम्वद्ध जनसंगठनमा आवद्ध युवाहरूलाई परिचालन गरी आम युवाहरूलाई पार्टीको अभियानमा जोड्ने कार्ययोजना बनाउनु पर्नेछ । उक्त कार्ययोजना पार्टीको केन्द्रीय सचिवालयबाट स्वीकृत भएपछि कार्यान्वयनमा लगिने छ । यसबाट पार्टीका पक्षमा व्यापक युवा जनमत बृद्धि हुने अपेक्षा पार्टीले राखेको छ । केन्द्र र प्रदेशको कामको संयोजनको जिम्मेवारी यसप्रकार तोकिएको छः

**केन्द्रमा**

१) संयोजकः क्षितिज थेवे
२) सहसंयोजकः समिक बडाल

**कोशी प्रदेश**

१) संयोजकः मनोज ताम्ली
२) सदस्यः निता घतानी
३) सदस्यः एलिसा गौतम

**मधेस प्रदेश**

१) संयोजकः मोविन आलम
२) सदस्यः रौनित साह
३) सदस्यः अमरकुमार यादव

**बागमती प्रदेश**

१) संयोजकः अमित लामा



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

२) सदस्यः क्रान्ति वुर्लाकोटी
३) सदस्यः निशा अधिकारी

**राजधानी प्रदेश**
१) संयोजकः अमन मास्के
२) सदस्यः सुनिता डंगोल
३) सदस्यः सन्तना दाहाल

**गण्डकी प्रदेश**
१) संयोजकः आरसी लामिछाने
२) सदस्यः नवराज ओफा
३) सदस्यः सम्राट गौचन

**लुम्बिनी प्रदेश**
१) संयोजकः विमला विक
२) सदस्यः लिलामणी गौतम
३) सदस्यः शिवकुमारी चौधरी

**कर्णाली प्रदेश**
१) संयोजकः दानसिं परियार
२) सदस्यः रूद्रबहादुर शाही
३) सदस्यः सुशील थापा

**सुदूरपश्चिम प्रदेश**
१) संयोजकः कमला बोहरा
२) सदस्यः गोविन्द गिरी
३) सदस्यः नरेश रोकाया

१०) **संशोधित विधानअनुसार संगठन कमिटी गठन गर्नेः**

बागमती प्रदेशलाई बागमती प्रदेश र राजधानी प्रदेश गरी दुई भागमा विभक्त गरी पार्टी कामलाई व्यवस्थित गर्ने वैधानिक व्यवस्थाअनुरूप बागमती प्रदेश कमिटी र उपत्यका विशेष कमिटीमा रहेका पदाधिकारी र सदस्यहरूलाई उनीहरूको भुगोल वा कार्यक्षेत्रका आधारमा बागमती र राजधानी प्रदेश कमिटीमा रहने गरी संगठन कमिटी निर्माण गर्ने । यसरी नै सम्पर्क समन्वय कमिटीलाई सम्पर्क विशेष कमिटी बनाउने विधानको व्यवस्थाअनुसार सम्पर्क समन्वय कमिटी अन्तर्गतका यस अघिका मनोनित सदस्यहरू सदस्य रहनेगरी सम्पर्क विशेष संगठन कमिटी गठन गर्ने । यसरी गठन भएका संगठन कमिटीले ६ महिनाभित्र आफ्नो तहको अधिवेशन गर्नुपर्नेछ ।

**क) राजधानी प्रदेश संगठन कमिटीः**

राजधानी प्रदेशअन्तर्गतका तीन जिल्ला र उपत्यका विशेषअन्तर्गतका ४ जिल्लाको नेतृत्व गर्नेगरी राजधानी प्रदेश संगठन कमिटी गठन गर्ने निर्णय भएको छ । राजधानी प्रदेश संगठन कमिटीअन्तर्गतका तीन जिल्ला काठमाडौँ, ललितपुर र भक्तपुरबाट प्रतिनिधित्व गर्ने बागमती प्रदेश कमिटीका सदस्यहरू र उपत्यका विशेष कमिटीका पदाधिकारी र सदस्यहरू राजधानी प्रदेश संगठन कमिटीका सदस्य रहनेछन् । राजधानी प्रदेश संगठन कमिटीका पदाधिकारी निम्नानुसार रहनेः

१ अध्यक्षः नारायण सिलवाल, काठमाडौँ
२ उपाध्यक्षः प्रेम महर्जन, ललितपुर
३ सचिवः मिलन धरेल, उपत्यका विशेष



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

४ उपसचिवः शशिजंग थापा, भक्तपुर
५ उपसचिवः वेलिमाया घले, काठमाडौँ

**ख) बागमती प्रदेश संगठन कमिटीः**

बागमती प्रदेश अन्तरगतका काठमाण्डौ उपत्यका जिल्लामा मतदाता रहेका पदाधिकारी र सदस्य वाहेकका सदस्यहरू रहेको बागमती प्रदेश संगठन कमिटी गठन गर्ने । त्यसका पदाधिकारी र सदस्य निम्नानुसार रहनेः

१ अध्यक्षः कैलास ढुंगेल, रामेछाप
२ उपाध्यक्षः दावा तामाङ, चितवन
३ सचिवः बालकृष्ण देउजा, सिन्धुपाल्चोक
४ उपसचिवः भक्तकुमारी लामा, काभ्रेपलाञ्चोक
५ उपसचिवः रमेश आचार्य, धादिङ

**ग) सम्पर्क विशेष संगठन कमिटीः**

पदाधिकारीहरू सहित सम्पर्क समन्वय कमिटीका मनोनित सदस्यहरू रहेको सम्पर्क विशेष संगठन कमिटी गठन गर्ने । त्यसका पदाधिकारी निम्नानुसार रहनेः

१ अध्यक्षः अशोक ठकुरी- मकवानपुर
२ उपाध्यक्षः नारायण पाण्डे- अर्घाखाँची
३ सचिवः कपिल ओली -झापा
४ उपसचिवः प्रेमराज भट्ट -वैतडी
५ उपसचिवः सत्यदेवी खडका अधिकारी -दैलेख

**११) पार्टी नियमावलीमा संशोधनः**

पार्टीको दोस्रो विधान महाधिवेशन र पार्टीको एघारौं राष्ट्रिय महाधिवेशनबाट संशोधित पार्टी विधानका आधारमा पार्टी नियमावलीको मस्यौदा गर्नका लागि निम्नानुसारको मस्यौदा कमिटी गठन गर्नेः

संयोजकः भानुभक्त ढकाल
सदस्यः रमेश बडाल
सदस्यः माधव ढुंगेल



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

१२) **नीति तथा अनुसन्धान प्रतिष्ठानको कार्यविधि संशोधन गर्ने:**

नीति तथा अनुसन्धान प्रतिष्ठानको कार्यविधि संशोधन गरिएको छ । संशोधित कार्यविधिअनुसार प्रतिष्ठानको अध्यक्षमा पूर्वपदाधिकारी तथा पदाधिकारी सरहको व्यक्ति अध्यक्ष हुने व्यवस्था गरिएको छ । प्रतिष्ठानको अध्यक्ष केन्द्रीय आयोगका अध्यक्षसरह केन्द्रीय सचिवालयको बैठकमा आमन्त्रित गर्नसक्ने व्यवस्था गरिएको छ । नयाँ संशोधित कार्यविधिका आधारमा प्रतिष्ठानको अध्यक्षमा निवर्तमान उपमहासचिव कमरेड विष्णुप्रसाद रिमाललाई नियुक्त गर्ने निर्णय गरिएको छ । उहाँको नेतृत्वमा प्रतिष्ठानको काम थप प्रभावकारी हुने अपेक्षा पार्टीले लिएको छ । संशोधित कार्यविधि अनुसूचि-२ मा समावेश छ ।

**प्रिय कमरेड,**

हामीहरू चुनौतीका पहाडहरू सामना गर्दै पार्टीलाई मुलुकको सबैभन्दा सुसंगठित, एकताबद्ध र अनुशासित पार्टीका रूपमा स्थापित गर्न सफल भएका छौं । भदौ २३ र २४ गतेको विध्वंसात्मक घटनापछि मुलुकमा उत्पन्न असहज र असमान्य परिस्थितिमा सिंगो पार्टीपंक्तिले देखाएको संयम, धैर्यता र पहलकदमी प्रशंसनीय छ । नेपाल राज्य, नेपालको संविधान, लोकतन्त्र र मुख्य राजनीतिक दलहरूलाई कमजोर बनाएर नेपाललाई भूराजनीतिक द्वन्द्वको क्रिडास्थल बनाउने गम्भीर षड्यन्त्रको शिकार बनाउने उद्देश्यले हाम्रा नवयुवाहरूको भावनामा खेल्ने र उनीहरूको आन्दोलनलाई अपहरण गर्ने काम भएको कुरा स्पष्ट छ । हाम्रो पार्टी सूचना र प्रविधिसँगै हुर्किएको नयाँ पुस्ताको भावना र अपेक्षाको सम्मान गर्दछ । तर जेन्जी विद्रोहका नाममा उनीहरूलाई गलत दिशामा डोर्‍याउने कार्यको भने विपक्षमा छ ।

हाम्रो पार्टी मुलुकको स्वाधिनता, स्वाभिमान र राष्ट्रिय हितका पक्षमा नेतृत्वकारी भूमिका खेल्दै आएको अग्रणी पार्टी हो । मुलुकको रणनीतिक विकासको आधारशीला तयार गर्ने पार्टी पनि यही पार्टी हो । लोककल्याणकारी राज्यको अवधारणाअन्तर्गत सामाजिक सुरक्षाका कार्यक्रमहरू अघि सारेर कमजोर नागरिकका पक्षमा राज्य छ भन्ने मान्यतालाई व्यवहारमा उतार्ने पार्टी नेकपा (एमाले) नै हो । तर पनि सबैभन्दा तीब्र प्रहार र घेराबन्दी हाम्रो पार्टी र नेतृत्वका विरूद्धमा भइरहेको छ । यस्तो किन ? के हामीले विगतमा गरेका असंख्य कामहरूसँग नेपालका अन्य राजनीतिक दलहरूले गरेको कामको तुलना हुन सक्दछ ? हुन सक्तैन । तर पनि यस्तो किन ? यसको उत्तर स्पष्ट छ- हामीलाई कमजोर बनाएर नेपाललाई भूराजनीतिक द्वन्द्वको क्रिडास्थल बनाउन सकिन्छ भन्ने मान्यताले काम गरेको छ । मुलुकभित्रका कमजोर र परिचालित शक्तिहरू पनि हामीलाई कमजोर बनाएर आफू अग्लो हुने कोशिसमा हाम्राविरूद्ध परिचालित छन् । अब यी वास्तविकतालाई बोकेर हामी जनताको घरदैलोमा पुग्नु पर्दछ । हामीले गरेका काम र हाम्रा विरूद्धमा भइरहेको विरोध र घेराबन्दीको वास्तविकता जनतालाई बताउनु पर्दछ । जनताको गुनासो र अपेक्षाहरूसँग पार्टी र नेतृत्वलाई जोड्नु पर्दछ । त्यसलाई सम्बोधन र समाधान गर्ने कोसिश गर्नुपर्दछ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

राजनीतिक अस्थिरता, सामाजिक अराजकता र हाम्रा विरूद्धको सुनियोजित षड्यन्त्र र घेराबन्दीका कारणले हामीले चाहेअनुसारका काम गर्न सकिएको छैन । उपरोक्त कारणले पनि जनअपेक्षाअनुरूप कामलाई तीव्रता प्रदान गर्न सकिएको छैन । कानूनी र संरचनागत जटिलताका कारणले सुशासन र सेवा प्रवाहलाई अपेक्षाअनुरूप प्रभावकारी बनाउन सकिएको छैन । पार्टी सरकारमा रहँदाको समयमा हामीले उक्त पक्षलाई ध्यानमा राखेर सुधारको कार्ययोजना तयार गरेर अघि बढ्ने कोशिस गरेका थियौं । अर्कोतिर मुलुकमा जनअसन्तुष्टि र हाम्रा विरूद्धको घेराबन्दी र आक्रमणलाई ध्यानमा राखेर हामीले पार्टी विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन समयअगावै सम्पन्न गर्ने योजना अघि बढाएका थियौं । यतिबेला हामीहरू नीति, विधि र नेतृत्वलाई अद्यावधिक गरेर अघि बढ्न सफल भएका छौं ।

अब हाम्रो समग्र ध्यान प्रतिगमनको दिशाबाट मुलुकलाई संविधान र लोकतन्त्रको दिशामा फर्काउने कुरामा केन्द्रित हुनुपर्दछ । आन्दोलन होस् या निर्वाचन जुनसुकै मोर्चामा पनि हाम्रो भूमिका प्रभावकारी हुनुपर्दछ । महाधिवेशबाट हामीले 'निर्णायक शक्ति निर्माण हाम्रो संकल्प, समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य'को मूल नारा तय गरेका छौँ । पार्टीको राजनीतिक कार्यदिशाअनुरूपको उक्त नारालाई कार्यान्वयन गर्नका लागि आन्दोलनकारी ढङ्गले पार्टी निमार्ण र जनपरिचालनको काम जुटौँ । हाम्रो सफलता सुनिश्चित छ ।

क्रान्तिकारी अभिवादनसहित,

.............................
**केपी शर्मा ओली**
**अध्यक्ष**



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

अनुसूची–१

## प्रतिनिधिसभा निर्वाचनका लागि समानुपातिक सूची दर्ता

| क्र.सं. | उम्मेदवारको पूरा नाम, थर | लिङ्ग | समूह पहिचान | जारी जिल्ला | पीछडिएको क्षेत्र | अपाङ्गता भएको व्यक्ति |
|---|---|---|---|---|---|---|
| १. | भूमिका सुब्बा | म. | जनजाती | पाँचथर | | |
| २. | गंगादेवी श्रेष्ठ | म. | जनजाती | धादिङ | | |
| ३. | अनिता सुब्बा | म. | जनजाती | झापा | | |
| ४. | उषाकला राई | म. | जनजाती | खोटाङ | | |
| ५. | तारा गुरुङ | म. | जनजाती | इलाम | | |
| ६. | लक्की शेर्पा | म. | जनजाती | काठमाडौं | | |
| ७. | मौसम राई | म. | जनजाती | सुनसरी | | |
| ८. | नरदेवी पुन | म. | जनजाती | म्याग्दी | | |
| ९. | भक्तकुमारी लामा | म. | जनजाती | काभ्रेपलाञ्चोक | | |
| १०. | मिना बरामु | म. | जनजाती | काठमाडौं | | |
| ११. | यमुना घले | म. | जनजाती | ललितपुर | | |
| १२. | मनकुमारी तितुङ (तारा) | म. | जनजाती | धनकुटा | | |
| १३. | कान्ता राई | म. | जनजाती | उदयपुर | | |
| १४. | शर्मिला गुरुङ | म. | जनजाती | मुस्ताङ | | |
| १५. | सुमित्रा राजवंशी | म. | जनजाती | काभ्रेपलाञ्चोक | | |
| १६. | हिरुसरा राना | म. | जनजाती | पाल्पा | | |
| १७. | रामबहादुर थापा मगर | पु. | जनजाती | चितवन | | |
| १८. | कुलभक्त शाक्य | पु.. | जनजाती | काठमाडौं | | |
| १९. | बुद्धभक्त चित्रकार | पु. | जनजाती | काठमाडौं | | |
| २०. | इन्द्रबहादुर तामाङ | पु. | जनजाती | काभ्रेपलाञ्चोक | | |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१. | सोनाम छिरिङ लामा | पु. | जनजाती | मुगु | | |
| २२. | विद्यानन्द राजवंशी | पु. | जनजाती | झापा | | |
| २३. | सन्तबहादुर प्रजा | पु. | जनजाती | चितवन | | |
| २४. | बागलाल बुढा मगर | पु. | जनजाती | पूर्वी रुकुम | | |
| २५. | ओमबहादुर घर्ती | पु. | जनजाती | पाल्पा | | |
| २६. | जयन्द्र सिंह ऐतवाल | पु. | जनजाती | दार्चुला | | |
| २७. | प्रेम घले | पु. | जनजाती | लमजुङ | | |
| २८. | दलबहादुर गुरुङ | पु. | जनजाती | कास्की | | |
| २९. | विजय सिंह लामा तामाङ | पु. | जनजाती | नुवाकोट | | |
| ३०. | नविन रोक्का मगर | पु. | जनजाती | रोल्पा | | |
| ३१. | विषमलाल अधिकारी दनुवार | पु. | जनजाती | सिन्धुली | | |
| ३२. | राजकुमार श्रेष्ठ | पु. | जनजाती | रामेछाप | | |
| ३३. | पद्मा अर्याल | म | खसआर्य | स्याङ्जा | | |
| ३४. | टुका हमाल | म. | खसआर्य | लमजुङ | | |
| ३५. | निरुदेवी पाल | म. | खसआर्य | कञ्चनपुर | | |
| ३६. | कोमल वली | म. | खसआर्य | दाङ | | |
| ३७. | नर्मदादेवी सिवाकोटी | म. | खसआर्य | झापा | | |
| ३८. | एन्जिला थापा | म. | खसआर्य | प्युठान | | |
| ३९. | मेनुका काफ्ले | म. | खसआर्य | झापा | | |
| ४०. | लता प्रसाईं | म. | खसआर्य | झापा | | |
| ४१. | यशुदा कुमारी बराल | म. | खसआर्य | कालिकोट | | |
| ४२. | लीला कुमारी भण्डारी | म. | खसआर्य | कैलाली | | |
| ४३. | सानुमैया खड्का | म. | खसआर्य | काठमाडौं | | |
| ४४. | नारायणी खनाल | म. | खसआर्य | भक्तपुर | | |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४५. | प्रभा बराल (पौडेल) | म. | खसआर्य | चितवन | | |
| ४६. | क्रान्ति बुर्लाकोटी | म. | खसआर्य | धादिङ | | |
| ४७. | कल्पना शर्मा जोशी | म. | खसआर्य | पर्वत | | |
| ४८. | विजया धिताल | म. | खसआर्य | बाँके | | |
| ४९. | भागिरथी कुमारी चन्द | म. | खसआर्य | बझाङ | | |
| ५०. | गुरु बराल | पु. | खसआर्य | मोरङ | | |
| ५१. | डा. पुष्प कंडेल | पु. | खसआर्य | धादिङ | | |
| ५२. | गोरखबहादुर बोगटी | पु. | खसआर्य | हुम्ला | | |
| ५३. | नरेशप्रसाद पोखरेल | पु. | खसआर्य | मोरङ | | |
| ५४. | प्रेम पराजुली | पु. | खसआर्य | संखुवासभा | | |
| ५५. | पर्शुराम अधिकारी | पु. | खसआर्य | भोजपुर | | |
| ५६. | लालबहादुर महतारा | पु. | खसआर्य | जाजरकोट | | |
| ५७. | रामबहादुर थापा | पु. | खसआर्य | स्याङ्जा | | |
| ५८. | हरिशंकर योगी | पु. | खसआर्य | कैलाली | | |
| ५९. | बालाराम शर्मा | पु. | खसआर्य | सुर्खेत | | |
| ६०. | दुर्गाबहादुर शाही | पु. | खसआर्य | कालिकोट | | |
| ६१. | दिपकबहादुर पौडेल | पु. | खसआर्य | कास्की | | |
| ६२. | ठानेश्वर प्रसाद बस्याल | पु. | खसआर्य | पाल्पा | | |
| ६३. | लालबहादुर रावल | पु. | खसआर्य | बझाङ | | |
| ६४. | डुफकुमार बास्तोला | पु. | खसआर्य | सोलुखुम्बु | | |
| ६५. | बमबहादुर बिसी | पु. | खसआर्य | अछाम | | |
| ६६. | मञ्जु चौधरी | म. | थारु | उदयपुर | | |
| ६७. | शान्ता चौधरी | म. | थारु | दाङ | | |
| ६८. | ईच्छा कुमारी चौधरी | म. | थारु | कैलाली | | |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६९. | असरादेवी चौधरी | म. | थारु | सप्तरी | | |
| ७०. | कृपाराम राना | पु. | थारु | कञ्चनपुर | | |
| ७१. | शिवप्रसाद चौधरी | पु. | थारु | बर्दिया | | |
| ७२. | जन्जिरप्रसाद चौधरी | पु. | थारु | कपिलवस्तु | | |
| ७३. | विष्णुमाया वि.क. | म. | दलित | तनहुँ | | |
| ७४. | निता घतानी | म. | दलित | झापा | | |
| ७५. | राधिका कुमारी भुजेल शाक्य | म. | दलित | अछाम | | |
| ७६. | अञ्जु नेपाली | म. | दलित | बारा | | |
| ७७. | मायादेवी पोडेनी | म. | दलित | काठमाडौं | | |
| ७८. | उर्मिला देवी पासवान | म. | दलित | धनुषा | | |
| ७९. | मैना अछामी | म. | दलित | ललितपुर | | |
| ८०. | सावित्रा घिमिरे | म. | दलित | कैलाली | | |
| ८१. | जितु दर्जी गौतम | पु. | दलित | झापा | | |
| ८२. | यमबहादुर परियार | पु. | दलित | चितवन | | |
| ८३. | मनोहर विश्वकर्मा पौडेल | पु. | दलित | पर्वत | | |
| ८४. | निर्मल देउला पोडे | पु. | दलित | काठमाडौं | | |
| ८५. | सोम पोर्तेल | पु. | दलित | झापा | | |
| ८६. | बोमबहादुर विश्वकर्मा | पु. | दलित | अर्घाखाँची | | |
| ८७. | जंगबहादुर नेपाली | पु. | दलित | गुल्मी | | |
| ८८. | रिंगला यादव | म. | मधेसी | पश्चिम नवलपरासी | | |
| ८९. | यशोदा कुमारी यादव | म. | मधेसी | धनुषा | | |
| ९०. | बिना साह महतो | म. | मधेसी | झापा | | |
| ९१. | सर्मिला कुमारी यादव | म. | मधेसी | सर्लाही | | |
| ९२. | मञ्जु महतो | म. | मधेसी | धनुषा | | |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९३. | अंशु सिंह | म. | मधेसी | रौतहट | | |
| ९४. | बबिता दास कर्ण | म. | मधेसी | रौतहट | | |
| ९५. | आशाकुमारी यादव | म. | मधेसी | सिराहा | | |
| ९६. | रेनु साह | म. | मधेसी | धनुषा | | |
| ९७. | चन्द्रेश्वर मण्डल | पु. | मधेसी | सिराहा | | |
| ९८. | अरविन्द साह | पु. | मधेशी | धनुषा | | |
| ९९. | राम चरित्र साह | पु. | मधेसी | धनुषा | | |
| १००. | राजेश अग्रवाल | पु | मधेशी | सिराहा | | |
| १०१. | सुशिल श्रीवास्तव | पु. | मधेसी | कपिलवस्तु | | |
| १०२. | चन्द्रेश्वर यादव | पु. | मधेसी | धनुषा | | |
| १०३. | अनिल कुमार सिंह | पु. | मधेसी | महोत्तरी | | |
| १०४. | विचारी प्रसाद यादव | पु. | मधेसी | पर्सा | | |
| १०५. | सचितानन्द साह | पु. | मधेसी | रौतहट | | |
| १०६. | साजिदा सिद्धिकी | म. | मुस्लिम | दाङ | | |
| १०७. | रुही नाज | म. | मुस्लिम | सर्लाही | | |
| १०८. | रोजी खातुन | म. | मुस्लिम | पाल्पा | | |
| १०९. | मोहम्मद हारुन हलुवाई | पु. | मुस्लिम | बाँके | | |
| ११०. | एकवाल मियाँ | पु. | मुस्लिम | बारा | | |

अनुसूची–२

**नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी)**

**नीति तथा अनुसन्धान प्रतिष्ठान**

# कार्यविधि – २०८२

नेपाली समाज विज्ञानका विभिन्न विधामा मार्क्सवादी दृष्टिकोणबाट अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी जनताको बहुदलीय जनवादको कार्यान्वयन र समाजवादको आधार निर्माणका लागि पार्टीलाई सैद्धान्तिक तथा वैचारिक सुझाव पेश गर्न नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को विधानको धारा १०२ बमोजिम नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को केन्द्रीय सचिवालयको मिति २०८२ पुस २२ गते बसेको बैठकले यो नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) नीति तथा अनुसन्धान प्रतिष्ठान कार्यविधि २०८२ पारित गरी जारी गरिएको छ ।

## अध्याय– १
## संक्षिप्त नाम र प्रारम्भ

**१. नाम र प्रारम्भ**

१ यस कार्यविधिको नाम नेकपा (एमाले), नीति तथा अनुसन्धान प्रतिष्ठान कार्यविधि-२०७९ रहेको छ । छोटकरीमा यसलाई कार्यविधि भनिनेछ ।

२ यो कार्यविधि नेकपा (एमाले), केन्द्रीय कमिटीले पारित गरेपछि लागू हुनेछ ।

## अध्याय– २
## परिभाषा

२. **परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. ‘पार्टी’ भन्नाले नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) सम्झनुपर्दछ ।

ख. ‘विधान’ भन्नाले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को विधान, २०४९ (दोस्रो विधान महाधिवेशन, २०८२ तथा एघारौं राष्ट्रिय महाधिवेशन, २०८२ बाट भएको संशोधनसहित) सम्झनुपर्दछ ।

ग. ‘नियमावली’ भन्नाले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को नियमावली, २०५७ (चौथो संशोधन, २०७८ सहित) सम्झनुपर्दछ ।

घ. ‘नीति तथा अनुसन्धान प्रतिष्ठान’ भन्नाले पार्टी विधानको धारा १०२ र पार्टी नियमावलीको परिच्छेद-९ को दफा २८ मा उल्लेखित तथा परिभाषित प्रतिष्ठान सम्झनुपर्दछ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

ङ. 'कार्यविधि' भन्नाले पार्टी विधानको धारा १०२ अनुसार स्थापित नीति तथा अनुसन्धान प्रतिष्ठानको कार्यविधि-२०८२ सम्झनुपर्दछ ।

## अध्याय- ३
## प्रतिष्ठानको गठन

३. **प्रतिष्ठानको गठन : प्रतिष्ठानको गठन देहायबमोजिम हुनेछ :**

१ विधानको धारा १०२ तथा नियमावलीको नियम २८ बमोजिम प्रतिष्ठानको गठन हुनेछ ।

२. प्रतिष्ठान संचालन गर्न अध्यक्षसहितको एक निर्देशक कमिटी गठन गरिनेछ ।

३. पार्टीको केन्द्रीय कमिटीले तोकेको पार्टीको पदाधिकारी भइसकेको वा हुने योग्यता पुरा गरेको व्यक्ति प्रतिष्ठानको अध्यक्ष हुनेछ ।

४. निर्देशक कमिटीमा अध्यक्ष, प्रमुख कार्यकारी निर्देशकसहित बढीमा सात जनाको मनोनयन केन्द्रीय कमिटीले गर्नेछ । निर्देशक कमिटीको अध्यक्षलाई पार्टीको निकायका अध्यक्ष सरह बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

## अध्याय- ४
## काम, कर्तव्य र क्षेत्राधिकार

४. **प्रतिष्ठानको काम, कर्तव्य र क्षेत्राधिकार :**

१. विधान र नियमावलीको अधिनमा रही 'नीति तथा अनुसन्धान प्रतिष्ठान' को काम कर्तव्य र अधिकारक्षेत्र देहायबमोजिम हुनेछ :

क) मार्क्सवादी दृष्टिकोणबाट नेपाली समाजको आर्थिक-समाजिक अवस्थाको विश्लेषण गर्ने ।

ख) राजनीतिक पार्टीहरूको वर्गचरित्र, उनीहरूको सैद्धान्तिक, कार्यक्रमिक र नीतिगत भिन्नता एकीन गर्ने ।

ग) जनताको बहुदलीय जनवादको कार्यान्वयन र समाजवादको आधार निर्माण गर्ने सम्बन्धमा अध्ययन, अनुसन्धान, विश्लेषण र नेकपा (एमाले)ले सरकारको नेतृत्व गर्दा चालेका कदमको समीक्षा गर्ने ।

घ) पार्टी तथा पार्टी सरकारमा रहँदा राज्य सञ्चालनका लागि आवश्यक पर्ने प्रविधि, तथ्याङ्क र सूचनाको संकलन, विश्लेषण र नीतिगत सुझाव तयार पारी पार्टीलाई पृष्ठपोषण गर्ने ।

ङ) नेपाली कम्युनिष्ट आन्दोलनको समग्र इतिहासको अध्ययन तथा विश्लेषण गर्ने ।

च) राज्यका आर्थिक, सामाजिक, सांस्कृतिक, सुरक्षा तथा परराष्ट्र सम्बन्धलगायतका क्षेत्रका नीतिहरूको विश्लेषणमा गर्ने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

छ) विश्वका समाजवादी आन्दोलन र समाजवाद निर्माणमा भएका अभ्यासको अध्ययन तथा त्यसबाट लिनुपर्ने शिक्षाबारे विश्लेषण गर्ने ।

ज) पार्टीले लिनुपर्ने आगामी कार्यदिशाका सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने ।

झ) नेपाल सरकारका विभिन्न क्षेत्रका महत्वपूर्ण नीतिहरूको विश्लेषण गर्ने तथा पार्टी सरकारमा जाँदा यी क्षेत्रमा चाल्नुपर्ने कदम पहिचान गर्ने ।

ञ) अध्ययन, अनुसन्धान र विश्लेषणबाट प्राप्त भएका तथ्यहरूलाई प्रकाशित गर्ने तथा निष्कर्ष र प्रस्तावहरू पार्टीमा प्रस्तुत गर्ने ।

ट) समसामयिक विषयहरूमा बहस/छलफलहरूको आयोजना गर्ने र निष्कर्षहरूलाई पार्टीमा प्रस्तुत गर्ने ।

ठ) पार्टीको केन्द्रीय स्कुल विभागसँग समन्वय गरी आवश्यकताअनुसार विभिन्न समसामयिक विषयहरूमा छलफल तथा प्रशिक्षण कार्यक्रमहरूको आयोजना गर्ने ।

ड) पार्टीको नीति तथा विचारसँग मिल्ने स्वदेश तथा विदेशका विचार समूहरू (थिंक ट्यांक), प्रतिष्ठान एवं विभिन्न प्राज्ञिक क्षेत्रसँग आवश्यकताअनुसार सम्पर्क, समन्वय र सहकार्य गर्ने ।

ढ) समान प्रकृतिका अन्तराष्ट्रिय नीति अध्ययन र विश्लेषणमा संलग्न प्रतिष्ठानहरूसँग सम्बन्ध विस्तार, सम्पर्क र समन्वयको काम गर्ने,

त) केन्द्रीय कमिटीले तोकेको अन्य कार्य गर्ने ।

२. माथि उल्लेख गरिएको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता र औचित्यका आधारमा पार्टीका केन्द्रीय विभाग, संस्थापक एवम् अग्रज नेताहरूको स्मृतिमा स्थापित र पार्टीका नेताहरूको नेतृत्वमा रहेका प्रतिष्ठानहरू तथा पार्टीसम्बद्ध जनवर्गीय संगठनहरूको कामसँग समन्वय र सहकार्य गर्न तथा मुलुकको विभिन्न भागमा अध्ययन गर्न तथा नीतिगत छलफल कार्य गर्न/गराउन सकिनेछ ।

३. प्रतिष्ठानले उल्लेखित कार्य गर्नका लागी पार्टीसम्बद्ध विषय विज्ञहरूको मूल समुह गठन गर्न र यसअन्तर्गत विभिन्न विषय हेर्ने 'डेस्कहरू' निर्माण तथा परिचालन गर्न सक्नेछ ।

## अध्याय- ५
## पदाधिकारीको काम, कर्तव्य र अधिकार

**५. पदाधिकारीको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षको काम, कर्तव्य र अधिकार निम्नबमोजिम हुनेछ :

क) बैठकको अध्यक्षता गर्ने,

ख) बैठकका लागि प्रमुख कार्यकारी निर्देशकलाई निर्देशन दिने,



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

ग) पार्टीसित सम्बन्धित रही राजनीतिक र वैचारिक अध्ययन, अनुसन्धान, छलफल तथा प्रतिष्ठानका अन्य कामको अगुवाई गर्ने,

घ) प्रतिष्ठानको समग्र कामको नेतृत्व गर्ने ।

२. सदस्यहरूको काम, कर्तव्य र अधिकार निम्नबमोजिम हुनेछ

क) प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि काम गर्ने,

ख) बैठकले तोकेको काम गर्ने,

ग) विभिन्न विभाग तथा इकाइको अगुवाई गर्ने ।

३. **प्रमुख कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार निम्नबमोजिम हुनेछ**

क) अध्यक्षको निर्देशनमा बैठक बोलाउने,

ख) प्रतिष्ठानको नीति, कार्यक्रम, योजना र बजेटको मस्यौदा तयार गरी बैठकमा प्रस्तुत गर्ने र छलफलको सार तथा निर्णय टिपोट गर्ने,

ग) बैठकका निर्णयहरूको कार्यान्वयन गर्ने,

घ) प्रतिष्ठनका विभिन्न विभाग तथा इकाइहरूको कामलाई सहजीकरण गर्ने,

ङ) प्रतिष्ठानको आम्दानी खर्चको विवरण राख्ने, लेखापरीक्षण गराउने,

च) निर्देशक समितिले तोकेको अन्य काम गर्ने ।

## अध्याय– ६
## बैठक तथा निर्णय

६. **बैठक तथा निर्णय :**

१. प्रतिष्ठानको बैठक सामान्यतया महिनाको एकपटक बस्नेछ । अन्य बैठक आवश्यकता अनुसार बस्न सक्नेछन् ।

२. अध्यक्ष र प्रमुख कार्यकारी निर्देशकले आपसी सल्लाहमा बैठकका प्रस्ताव तयार गरी पेश गर्नेछन् ।

३. बहुमत सदस्य उपस्थित भएमा बैठकमा गणपुरक संख्या पुरा भएको मानिनेछ ।

४. बैठकका प्रस्तावमा छलफल गरी सम्भव भएसम्म सर्वसम्मतरुपमा निर्णय गरिनेछ । कुनै कारणले सर्वसम्मति कायम नभएमा उपस्थित सदस्यको बहुमतको निर्णय नै प्रतिष्ठानको निर्णय मानिनेछ ।

५. माईन्युटलाई अध्यक्षले प्रमाणित गर्नुपर्नेछ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

## अध्याय– ७
## कोष तथा बजेट व्यवस्थापन

७. **प्रतिष्ठानको कोष तथा बजेटसम्बन्धी व्यवस्था :**

१. प्रतिष्ठानको बार्षिक बजेट पार्टीको केन्द्रीय कमिटीले तोकेबमोजिम हुनेछ ।

२. प्रतिष्ठानमा प्राप्त भएको बजेटको अधिनमा रही प्रतिष्ठानको वार्षिक बजेट विनियोजन निर्देशक समितिबाट हुनेछ । विनियोजित बजेटअनुरूपको खर्चको निकासा तथा भुक्तानी अध्यक्षको स्वीकृतिमा पार्टी केन्द्रीय आर्थिक विभागबाट हुनेछ ।

३. हरेक आर्थिक वर्ष समाप्त भएसँगै अनिवार्यरूपमा पार्टी केन्द्रीय कार्यलयको लेखापरीक्षण गर्दा प्रतिष्ठानको समेत लेखापरीक्षण गरिनेछ ।

## अध्याय– ८
## विविध

८. **विविध :**

१. यस कार्यविधिमा आवश्यकताअनुसार केन्द्रीय कमिटीले संशोधन गर्न सक्नेछ ।

२. निर्देशक समितिले आवश्यकताअनुसार प्रतिष्ठानको संचालनको सम्बन्धमा निर्णय गर्न सक्नेछ । र यस कार्यविधिको प्रयोगमा कुनै बाधा उत्पन्न भएमा यसको व्याख्या गर्ने अधिकार पार्टी केन्द्रीय कमिटीमा रहनेछ ।

९. **खारेजी र बचाऊ :**

१. नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) नीति तथा अनुसन्धान प्रतिष्ठान कार्यविधि - २०७९ खारेज गरिएको छ ।

२. सो कार्यविधिबमोजिम भएको काम यसै कार्यविधिबमोजिम भएको मानिनेछ ।

♦ ♦ ♦



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org